
# प्रतिवेदन

# निशान पदमार्ग पदयात्रा २०८२




**२०८२ साल पौष २३ देखि २६ सम्म**




नेपाली सेना, श्री रणशार्दूल गण, सूर्योदय नगरपालिका, माइ जोगमाइ गाउँपालिका र इलाम नगरपालिकाको सहकार्यमा निर्माण भएको निशान पदमार्ग सम्बन्धी प्रचार प्रसार सामग्री

श्री रणशार्दूल गण
गढीथुम्का ब्यारेक, इलाम

सूर्योदय नगरपालिका
इलाम

माइ जोगमाइ गाउँपालिका
इलाम

इलाम नगरपालिका
इलाम

## निशान पद्मार्ग सम्बन्धी भएका मुख्य मुख्य कार्यहरू

मिति २०८० कार्तिक २१ गते श्री रणशार्दूल गण गढीथुम्का ब्यारेकमा निशान पदमार्गको पहिचान तथा प्रवर्धन सम्बन्धी पहिलो बैठक बसी यसको आवश्यकता तथा महत्वको बारेका छलफल गरिएको ।

निशान पदमार्गको पहिचान गरी विकास गर्न सकिएमा जिल्लाको धार्मिक, साँस्कृतिक एवं ऐतिहासिक महत्वको जगेर्ना हुनुको साथै पर्यटन विस्तारमा समेत टेवा पुग्ने हुनाले त्यसको लागि आवश्यक सहयोग गर्ने निशान पदमार्गको रुटमा पर्ने सम्बन्धित नगर तथा गाउँपालिका प्रमुखद्वारा धारण ब्यक्त ।

नेपाल पर्यटन बोर्डबाट समेत निशान पदमार्ग पहिचान तथा विस्तार गर्ने सम्बन्धमा सक्रिय सहयोग रहने कुरामा प्रतिबद्धता व्यक्त ।

निशान पदमार्ग विकासको लागि इलाम जिल्लास्थित नगर तथा गाउँपालिका पर्यटन शीर्षकमा बजेट विनियोजन गर्ने सम्बन्धमा छलफल भएको ।

विभिन्न समयमा विगतमा नेपाली सेनाको निशान पुगेको स्थान भारतको नागरीगढीसम्म सम्बन्धित पालिकाका प्रमुखहरु, इतिहासविद्, स्थानीय बुद्धिजीवी व्यक्तिहरु सहितको टोलीले औपचारिक रुपमा स्थलगत निरिक्षण गरेको ।

माईस्थान मन्दिर परिसरमा युद्धकालीन ऐतिहासिक तोपको पुन: स्थापना गरिएको छ ।

माईस्थान मन्दिर क्षेत्रलाई स्तरोन्नती गर्ने उद्देश्यले इलाम नगरपालिका र माईस्थान मन्दिर व्यवस्थापन समितिको समन्वयमा मन्दिर प्राङ्गणमा ढुङ्गा बिच्छ्याउने, मन्दिरको छाना फेर्ने तथा मन्दिरमा तेलिया ईटा कार्य भएको ।

निशान पदमार्गको पहिचान गरी इलाम जिल्लालाई पर्यटकीय स्थलको रुपमा थप प्रवर्धन गर्ने उद्देश्यले विभिन्न समयमा सरोकारवाला निकायहरुसँगको समन्वयमा बैठक बसी निशान पदमार्ग पहिचान कार्यदल गठन गरी निशान लिएर आएको पैदल मार्गको स्थलगत अवलोकन र भ्रमण गरी अन्तिम प्रतिवेदन तयार गरेको ।

### संक्षेप:



इलामबासीहरुको आस्था र विश्वासको धरोहरको रुपमा रहेको माईस्थान मन्दिर र उक्त मन्दिर परिसरमा रहेको नेपाली सेनाको निशान र तोपको संरक्षण र सम्वर्द्धन गरी माईस्थान मन्दिर इलाका देखि नामसालिङ्ग, पूर्णेडाँडा हुँदै भारतको नागरीगढीसम्म निशान पदमार्गको विकास गर्न सकिएमा धार्मिक, साँस्कृतिक एवं पर्यटकीय क्षेत्रमा समेत थप योगदान हुने भएकोले निशान पदमार्ग पहिचान गरी विकास गर्न आवश्यक रहेको ।

आउने पिढीलाई समेत इलाम जिल्ला तथा नेपाली सेनाको ऐतिहासिक पृष्ठभूमिको बारेमा जानकारी हुनुका साथै धार्मिक, सामाजिक, साँस्कृतिक एवं ऐतिहासिक महत्वलाई उजागर गर्ने र सैनिक-नागरिक सम्बन्ध सुमधुर बनाउन समेत थप मद्दत पुग्ने देखिएकोले निशान पदमार्गको पहिचान, प्रवर्धन तथा विकास गर्न आवश्यक देखिएको छ ।

CamScanner


निशान पदमार्ग
नेपालको सिमाना टिष्टा नदी
कायम भएपछि टिष्टासम्मको
प्रशासनिक कार्य सञ्चालनको लागि
हाल भारतको दार्जिलिङ्ग स्टेटमा
पर्ने नागरीगढीमा नेपाली सेनाको
श्रीनाथ पल्टन आफ्नो निशान सहित
स्थापित भएको थियो/ वि.सं. १८७२
फाल्गुण २० गते भएको सुगौली सन्धी
पश्चात नेपाल भारतको सिमाना मेची
नदी कायम भएकोले नेपाली सेना
आफ्नो निशान सहित नागरीगढी खाली
गरी इलाम जिल्लास्थित फाक्फोकको
पूर्णडाँडामा आई बसेको र उक्त स्थानमा
करिब दुई वर्ष बसेपछी नेपाल भारत
सिमाना नजिक भएको कारण त्यहाँबाट
हालको माइजोगमाई गाउँपालिकाको
नामसालिङ्ग स्थित हात्तिटारमा केही
समय रही उपयुक्त स्थानको खोजी गरी
वि.सं. १८७५ मा इलाम जिल्ला सदर
मुकाम हालको इलाम नगरपालिका वडा
नं. ७ स्थित माईस्थान मन्दिर परिसरमा
रहँदै आएको/ सुगौली सन्धीमा भएको
सम्झौता बमोजिम उक्त स्थानबाट तहगत
रूपमा स्थानान्तरण हुँदै आएको इलामेली
जनताको धार्मिक सांस्कृतिक एवम् ऐति-
"निशान पदमार्ग" नामाकरण गरी
नेपाली सेना (श्री रणशार्दूल गण) इलाम
नगरपालिका, सूर्योदय नगरपालिका र
माईजोगमाई गाउँपालिकाको सहकार्य
मा वि.सं. २०८१ पौष २४ गते देखि
२८ गतेसम्म उक्त रूपमा "निशान
पदमार्ग पदयात्रा" संचालन
गरियो/

# प्रतिवेदन

## निशान पदमार्ग पदयात्रा २०८२

१८७२ को सुगौली सन्धीले नेपाल भारतको सिमान मेची महाकाली कायम भएपछि इष्ट इन्डिया कम्पनी सरकार र नेपाल सरकार वीच भएको वाध्यात्मक सन्धिको कारण नागरीगडीमा रहेको श्रीनाथ पल्टन उक्त स्थानवाट निशान सहित नागरीगढी- छव्विसे- मेचि नदी - कजेनी - रम्फोक -पुर्णे डाँडा (करफोक) - सुन्तले -असले- माईस्थान -माईवेनी हुँदै इलाम सदरमुकामको माईस्थान सम्म पैदल यात्रा गरी पुगेको मार्गलाई हाल निशान पदमार्ग नामाकरण गरी २०८१ साल पौष २४ वाट निशान पदमार्ग पदयात्रा शुरु गरिएको छ । नागरीगढीवाट नेपाली सेना फर्ता आउने क्रममा सुव्वा जयन्त खत्रीको नेतृत्वमा नेपाली सेना करफोक पुर्णे डाँडामा करिव २ वर्ष रहेको तर भारत -नेपालको सिमान नजिक पर्ने भएकोले उक्त स्थानमा वस्न उपयुक्त नभएकोले सुरक्षित स्थानको खोजिमा त्यहाँवाट सुन्तले असले हुदै माईजोगमाई गाउँपालिका वडा न ४ नामसालिङ स्थित माईस्थान मन्दिरमा निशान पुजापाठ समेत गरी माईजोगमाई गाउँपालिका वडा न ४ स्थित हात्तिटार खलङ्गामा करिव २ महिना वसी त्यहाँवाट माईवेनी हुँदै इलाम सदरमुकाममा रहेको माईस्थान मन्दिरमा निशान सहित नेपाली सेनाले आफ्नो गढी स्थापना गरी वसेको इतिहास विदहरुको कथन रहेको छ । इलाममा ३ वटा स्थानीय तहहरु सुर्योदय नगरपालिका , माईजोगमाई गाउँपालिका र इलाम नगरपालिकाको संयुक्त आयोजनामा शुरु गरिएको उक्त पदयात्रामा स्थानीय पालिकाहरुको जनप्रतिनिधीहरु ,कर्मचारीहरु, नेपाली सेना , सशस्त्र पहरीवल,जनपद प्रहरीको जिल्ला तथा स्थानीय प्रमुख , अन्य अधिकृत तथा जवानहरु, इतिहास विदहरु, राजनितिक दलका प्रतिनिधीहरु,पत्रकारहरु, समाजसेवी , वुद्दीजिवी , संघ संस्थाका प्रतिनिधीहरु ,नागरीक समाजका अगुवा

CS CamScanner

तथा प्रतिनिधीहरु विभिन्न वाजागाजा , संस्कृतिक झाँकीहरु सहित पैदल यात्रा गरी पदयात्रा सम्पन्न गरिदै आएको छ ।

२०८२ सालको ऐतिहासिक निशान पदमार्ग पदयात्रा २०८२ साल पौष २३ गते नेपाली सेनाको रणशार्दुल गण इलामको गणपति प्रल्हाद घलेवाट सु न पा कार्यवाहक मेयर श्री दुर्गा वराललाई झण्डा हस्तान्तरण भएपछि मेची वजारवाट शुरु भएको पदयात्रा सोही दिन मेचीवजार- कजेनी -गैरी गाउँसम्मको यात्रा पुरा गरी गैरीगाउँमा वास वसेको र पौष २४ गते गैरी गाउँवाट पुर्णेडाँडा सम्मको पैदल यात्रा गरी पुर्णे डाँडामा वास वसेको थियो । २०८२ साल पौष २५ गते सुर्योदय नगरपालिकाका कार्यवाहक मेयर श्री दर्गा वरालले झण्डा माईजोगमाई गाउँपालिकाका उपाध्यक्ष श्री प्रविना राईलाई हस्तान्तरण गरेपछि पुर्णेडाँडा वाट पदयात्र शरु भई सुर्योदय नगरपालिका वडा न ११ वैशाकेमा खान खाई पदयात्रीहरु करिव ११ वजे सुर्योदय नगरपालिका वडा न ११ र माईजोगमाई गाउँपालिका वडा न ४ को सिमान जोगमाई खोला असलेमा आईपुग्नु भएको थियो ।

माईजोगमाई गाउँपालिका वडा न ४ असलेमा माईजोगमाई गाउँपालिकाका अध्यक्ष ,उपाध्यक्ष, जनप्रतिनिधीहरु , प्रमुख प्रशासकीय अधिकृत सहित कर्मचारीहरु लगायत निशान पदमार्ग पदयात्रा समिति माईजोगमाईका संयोजक तथा सदस्यहरु , राजनितिक दलका प्रमुखहरु , नागरीक समाजका अगुवाहरले निशान पदमार्ग पदयत्रीहरुलाई खदाले स्वगत गर्नु भएको थियो भने माईजोगमाई ४ स्थित रानीघरेमा पदयात्रीहरुलाई पानी तथा स्थानीय उत्पादन सुन्तोला वितरण गरिएको थियो । जलपान सम्पन्न भएपछि पदयात्रीहरु झाकी सहित पदयात्रा गर्दै करिव १२ वजे माईजोगमाई गाउँपालिका वडा न ४ स्थित माईस्थान मन्दिरमा आई पुगेको थियो । माईस्थान मन्दिरमा व्राम्हणवाट स्वस्ती वाचन सहित गाउँपालिका अध्यक्ष,उपाध्यक्ष, नेपाली सेनाका गणपती लगायत अन्य महानुभावहरुवाट सामुहिक पुजा अर्चाना कार्यक्रम सम्पन्न भयो । विभिन्न स्थानीय जात-जाती तथा संस्कृतिक झाँकीका टोलीहरुले आफ्नो भेष भुषा सहित झाँकी प्रदर्शन गरी

पदयात्रीलाई स्वगत गर्ने कार्य सम्पन्न भएपछि स्थानीय स्तरमा उत्पादित घरतरुल तथा पिडालुको परिकारको साथमा सुन्तोला र चिया वाट उपस्थित सवैलाई चियानास्ता गरि करिव १.३० वजे पदयात्रीहरु झाँकी सहित अगाडी वढी करिव २.१५ मा माईजोगमाई -४ हात्तिटा र खलङ्गामा पुगेको थियो । खलङ्गामा पदयात्रीहरुलाई चिया तथा सुन्तला वितरण गरी स्वागत गर्नुको साथै करिव २.३० वजे औपचारिक कार्यक्रम संचालन भएको थियो ।

माईजोगमाई गाउपालिकाको आयोजनामा माईजोगमाई गाउँपालिका वडा न ४ हात्तिटार खलङगामा माईजोगमाई गाउँपालिका सामाजिक विकास अधिकृत मान वहादुर पौडेलले संचालन गर्नुभएको औपचारिक स्वागत कार्यक्रमको अध्यक्षता माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री कुश वहादुर थेवेले गर्नु भएको थियो । जिल्ला समन्वय समितिका प्रमुख श्री जय प्रकाश राई, विषेश अथितिहरु सुर्योदय नगरपालिकाको कार्यवाहक मेयर दुर्गा वराल, इलाम नगरपालिकाका उपमेयर विष्णु कुमारी दहाल, माईजोगमाई गाउँपालिकाका उपाध्यक्ष श्री प्रविना राई ,रणशार्दुल गणका गणपति श्री प्रल्हाद घले, माईजोगमाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुमार बस्नेत, विशिष्ठ नागरिक तथा इतिहासविद युद्ध प्रसाद वैध लगायत इलाम नगरपालिका, माईजोगमाई गाउँपालिका र सुर्योदय नगरपालिकाका वडा अध्यक्षहरु, कार्यपालिका तथा वडा सदस्यहरु ,पत्रकारहरु, राजनितिक दलका प्रमुखहरु, संघ संस्थाका प्रमुख तथा प्रतिनिधीहरु, नागरीक समाजका अगुवाहरु, विधालयका शिक्षक- शिक्षिका तथा विधायार्थीहरु, गाउँपालिकाका कर्मचारीहरु, माईजोगमाई गाउँपालिकाको निशान पदमार्ग पदयात्रा आयोजना व्यवस्थापन समितिका संयोजक तथा सदस्यहरु लगायत वृहत भेलाको आयोजना भएको थियो ।

सभाअध्यक्ष, विशिष्ठ तथा विशेष र अथितिहरुको आसन ग्रहण पश्चात माईजोगमाई गाउँपालिका वडा न ४ मा स्थापना गरिएको निशान स्तम्व औपचारिक रुपमा प्रमुख अथिति जि स स प्रमुख श्रीजय प्रकाश राईले अनावरण तथा उद्घाटन गर्नुभयो भने माईजोगमाई गाउँपालका उपाध्यक्ष श्री प्रविना राईले स्वागत मन्तव्य

राख्दै निशान पदमार्गवारे माईजोगमाई गाउँपालिकामा पदयात्रीहरु लगायत उपस्थित सवैलाई स्वागत गर्नु भएको थियो भने हात्तिटार आ वि का विधार्थीहरु स्वागत नृत्य प्रस्तुत गर्नु भएको थियो । इतिहास विद युद्ध प्रसाद वैधले निशान पदमार्गको ऐतिहासिकता वारे प्रकाश पार्दै यस पदमार्ग र पदयात्रालाई पर्याटन सँग जोडेर यस क्षेत्रको आर्थिक विकास गर्न सकिने कुरा जानकारी दिनुभयो साथै यसको ऐतिहासिकताको जगेर्नाको लागी सम्वद्ध सवै पक्षले सहकार्य साथ लाग्नु पर्ने विचार राख्नु भयो।ऐतिहासिकतालाई वचाई राख्न यो पदयात्रा कार्यक्रम कोशे ढुङ्गा सावित हुने कुरा राख्दै इलाम नगरपालिकाका उपमेयर विष्णु कुमारी दहालले मेचि वजारवाट शुरु भई इ न पा सम्मको करिव ४२ किलो मिटर लामो यस पदमार्गको संरक्षणमा ३ वटै स्थानिय तहहरुले सहकार्य गर्नुपर्ने विचार राख्नु भयो ।सुर्योदय नगरपालिकाका कार्यवाहक मेयर श्री दुर्गा वरालले यस निशान पदमार्गको ऐतिहासिकतालाई जिवन्त राख्न स्थानिय तहहरुको साथै प्रदेश र केन्द्र सरकार समेत लगी पर्नु पर्ने र यस पदमार्गको विस्तृत परियोजना प्रस्ताव तयार गरी कार्यक्रम संचालन गर्नु पर्ने कुरामा जोड दिनु भयो । मन्तव्यकै क्रममा प्रमुख अथिति जि स स प्रमुख श्री जय प्रकाश राईले समन्वयात्मक रुपामा स्थानिय तह, प्रदेश र केन्द्र सरकार मिलेर यस निशान पदमार्गको इतिहासलाई जिवन्त राख्दै भवि पुस्ताको जानकारीको लागी स्थानिय पाठ्यक्रममा समावेश गर्नु पर्ने धारण राख्नु भयो ।कार्यक्रममा जग्गा दाताहरु माईजोगमाई गाउँपालिका वडा न ४ वस्ने वल वहादुर राई, काजिमान लिम्वु र युवराज सम्वाहाम्फेलाई सम्मान पत्र प्रदान गरिएको थियो भने पञ्चेवाजा, किरात याख्खा छुम्मा, किराँत राई यायोख्खाले झाँकी प्रस्तुत गरेका थिए ।करिव ४.४५ वजे  तिर समापन मन्तव्य राख्दै माईजोगमाई गाउँपालिकाका अध्यक्ष तथा कार्यक्रमका सभा अध्यक्ष श्री कुश वहादुर थेवेले यस निशान पदमार्गको ऐतिहासिकता जोगउन र यस पदमार्गको संरक्षणमा लाग्न सवैले सहकार्य गरेर अगाडी वढनु पर्ने कुरा वताउदै पदमार्ग पदयात्रा तथा यस कार्यक्रममा सहभागी हुनु हुने सवैलाई धन्यवाद दिनु भयो । समारोहमा

CamScanner

माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री कुश वहादुर थेवे र उपाध्यक्ष श्री प्रविना राईले संयुक्त रुपमा इलाम नगरपालिका उपमेयर श्री विष्णु कुमारी लिम्वुलाई झण्डा हस्तान्तरण गर्नु भएको थियो ।

वेलुका करिव ५ वजे माईजोगमाई गाउँपालिका वडा न ४ स्थित मैदान गाउँमा लोकल कुखुरावाट वनाईएको स्थानिय परिकार तिते ( वाचिपा ) खान दिई अथिति तथा पदयात्रामा सहभागी स्थानीयहरुलाई स्वागत गरियो भने करिव ६ .३० वाट सहभागीहरुलाई खानाको कार्यक्रम संचालन गरियो । सहभागीहरुलाई करिव ९ वजे सम्ममा मैदान गाउँमा वस्ने स्थानीय वासीहरुको घरहरुमा कोठा व्यवस्थापन गरी सुताउने कार्यक्रम सम्पन्न भएको थियो ।

२०८२ साल पौष २६ गते विहान पदयात्रीहरुलाई चिया नास्त गराउने कार्य गरियो । कुखुराको अण्डा तथा चना र चिया वाट पदयात्रीलाई चिया नास्त गराई करिव विहान ८ वजे राष्टिय गान गाएर सुर्योदय नगरपालिकाका मेयर श्री रण वहादुर राई , माईजोगमाई गाउँपालिकाको उपाध्यक्ष श्री प्रविना राई र रणशार्दुल गण इलामका गणपति श्री प्रल्हाद घले ज्युले संयुक्त रुपमा पदयात्राको नेतृत्व गरी मैदान गाउँवाट माईवेनी हुँदै माईखोला सम्मको पदयात्रा तय गरियो । माईजोगमाई गाउँपालिका उपाध्यक्ष श्री प्रविना राईले माईखोलावाट मेची वजार देखि माईखोला सम्मको निशान पदयात्राका सहभागीहरुलाई धन्यवाद दिदै माईखोलावाट इलामको पदयात्राको लागी सुर्योदय नगरपालिकाका मेयर श्री रण वहादुर राई सहित इलाम नगरपालिकाका जनप्रतिनिधी तथा कार्यकारी अधिकृत लगायत उपस्थित सवैलाई यात्रा सफलताको शुभकामन दिनु भयो भने इलाम नगरपालिकाले माईखोलामा पदयात्रीलाई स्वागत कार्यक्रम सम्पन्न गरेको थियो ।

CamScanner

निशान पदमार्ग पदयात्रा सफल पार्न माईजोगमाई गाउँपालिकाले माईजोगमाई गाउँपालिका वडा न ४ का वडा अध्यक्ष श्री डुरन देवानको संयोजकत्वमाश्री राम घिमिरे, श्री मान वहादुर पौडेल, श्री कमला न्यौपाने, श्री दिल माया लाम्गादे,श्री निश्चल राई, श्री कुमार तामाङ, श्री शकुन्तला पौडेल, श्री कल्पना देवि सार्की, श्री विक्रम राई, श्री प्रेम वहादुर तामाङ ,श्री नरेन्द्र कु देवान, श्री उज्वल देवान, श्री गञ्ज वहादुर प्रधान ,श्री सुरेश भट्टराई, श्री कमला प्रधान,श्री राजन नेपाल, श्री रमेश चन्द्र सुवेदी, श्री इन्दिरा देवान ,श्री वल वहादुर राई,श्री अम्वर देवान, श्री भोज कुमार संजेल ,श्री राज देवान सदस्य रहेको २३ सदस्यीय निशान पदमार्ग पदयात्रा आयोजना व्यवस्थापन समिति २०८२ गठन गरिएको थियो । यस समितिले वाटो सरसफाई ,गेट तथा मञ्च निर्माण, अथिति सत्कार ,माईस्थानमा पुजापाठ , माईस्थान रंगरोकन,चिया नास्ता , पानी ,निशान स्तम्भ स्थापना , औपचारिक कार्यक्रमको व्यवस्थापन, पदयात्रीहरुलाई खाना तथा वास व्यवस्थापन ,सुर्योदयवाट माईजोगमाई -४ माईखोला सम्मको पदयात्रा व्यवस्थापन आदि कार्य गरेको छ । कार्यक्रम व्यवस्थापन गर्ने क्रममा समितिको ३ वटा वैठक भएका छन ।

CS CamScanner

निशान पदमार्ग पदयात्रा २०८२ मा भएको यथार्थ खर्चको विवरण तपशिल वमोजिम भएको छ ।

| क्र स | विवरण | जम्मा | कैफियत |
|---|---|---|---|
| १ | वाटो सरसफाई गेट निर्माण तथा मञ्च व्यवस्थापन खर्च | ५६०००/ | |
| २ | जलपान / चिया नास्ता / खाना खर्च | १५२९२०/ | |
| ३ | विविध | ३९३१०/ | |
| ४ | झाँकी व्यवस्थापन | १५०००/ | |
| ५ | कोठा भाडा | १७५००/ | |
| ६ | स्टेशनरी ( झण्डा, खदा, प्रमाण पत्र, व्याज, टोपी , पुजा समाग्री , युज एण्ड थ्रो आदी ) | ६०४३५/ | |
| ७ | शिलालेख | १९५००/ | |
| ८ | समिति वैठक व्यवस्थापन तथा संचालन खर्च | ७००००/ | |
| ९ | संचार तथा सुचना | ५०००/ | |
| | जम्मा | ४३५६६५/ | |

तयार गर्ने
मान वहादुर पौडेल
सदस्य सचिव

माइजोगमाई गाउँपालिका ४ नं. वडा कार्यालय नामसालिङ, इलाम कोशी प्रदेश, नेपाल २०७२

प्रमाणीत गर्ने
डुरन देवान
संयोजक

CamScanner